# नेपाल दूरसञ्चार प्राधिकरण

(मानव संशाधन विकास तथा आन्तरिक प्रशासन शाखा)


प.सं. :- ११-०७७।७८ मिति :- २०७८।०१।१५

# सूचना

**<u>अनुमतिपत्र प्राप्त सम्पूर्ण दूरसञ्चार सेवा प्रदायकहरु</u>**

विश्वव्यापी रुपमा पछिल्ला केही दिनमा कोभिड-१९ को संक्रमण दोश्रो लहर (Second Wave) को रुपमा फैलदै गएको र सोही रुपमा नेपालमा समेत संक्रमण तिब्र रुपमा फैलदै गएको देखिएकोले संक्रमणको जोखिमलाई न्यूनीकरण गर्दै आवश्यक स्वास्थ्य सर्तकता सहित दूरसञ्चार सेवा सञ्चालन र निरन्तरताको समेत सुनिश्चितता गर्नु पर्ने भएकोले यस प्राधिकरणबाट दूरसञ्चार सेवा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त सम्पूर्ण सेवा प्रदायकहरुले देहायका व्यवस्थाहरु अबलम्बन गरी पूर्ण सजगताका साथ दूरसञ्चार सेवा सुचारु गर्न/गराउन हुन सम्वन्धित सबैको जानकारीको लागि यो निर्देशन जारी गरिएको व्यहोरा सूचित गरिन्छ ।

१. नेपाल सरकार र विश्व स्वास्थ्य संगठनको स्वास्थ्य सुरक्षा सम्वन्धी मापदण्डको पालना गरी सेवा प्रवाहमा प्रत्यक्ष सम्पर्कमा रहने जनशक्ति तथा सेवाग्राहीमा संक्रमणको जोखिमलाई न्यूनीकरण गर्न आवश्यक उपायहरु अबलम्बन गर्ने ।

२. सेवाग्राहीको भिडभाड नहुने तथा भौतिक दूरी कायम हुने व्यवस्था मिलाई सेवा प्रवाह गर्ने । साथै, सेवाग्राहीको आवतजावत सकेसम्म कम हुने गरी महशुल भुक्तानी लगायतका सेवाहरु यथासम्भव विद्युतीय माध्यमबाट गर्न/गराउन प्रोत्साहन गर्ने ।

३. सेवा प्रदायकहरुको Service Center बाट हुन सक्ने संक्रमणको जोखिम न्यूनीकरण गर्न झ्याल, ढोका खुला राखि Sanitzer को व्यवस्था गर्ने ।

४. बैठक, गोष्ठी, सेमिनार, तालिम जस्ता कार्यक्रमहरु सम्भवभएसम्म Virtual माध्यमबाट सञ्चालन गर्ने ।

५. कर्मचारहिरुमा हुन सक्ने संक्रमण तथा संस्थाको व्यावसायिक निरन्तरतालाई मध्यनजर गर्दै संक्रमणको जोखिन न्यून हुने गरी सेवा प्रवाह गर्ने । कर्मचारीहरुलाई समूहमा विभाजन गरी समूह समूह बीच प्रत्यक्ष सम्पर्क नहुने गरी कार्य गर्ने वातावरण मिलाउने । यसका लागि आवश्यकताका आधारमा Work From Home, Shift-wise Work लगायतका उपाय अवलम्बन गर्ने ।


जी.पी.ओ. बक्स: ९७५४, राष्ट्रिय नाचघर, जमल, काठमाडौं, नेपाल

फोन नं. +९७७-१-५३५४६८१, ५३५४७१७ फ्याक्स: +९७७-१-५३५५२५०

ई-मेल: ntra@nta.gov.np/info@nta.gv.np, वेभसाइट: www.nta.gov.np

# नेपाल दूरसञ्चार प्राधिकरण

(मानव संशाधन विकास तथा आन्तरिक प्रशासन शाखा)

६. कर्मचारीहरुमा संक्रमणको शंका लागेमा अविलम्ब परिक्षण गर्ने व्यवस्था मिलाउने र संक्रमण देखिएका कर्मचारीलाई Isolation गर्ने तथा Contact Tracing मा परेका कर्मचारीहरुलाई Quarantine गर्ने व्यवस्था मिलाउने ।

७. सेवा प्रदायक संस्थाहरुले कोभिड-१९ सम्वन्धी समस्याको सहजीकरण र सम्पर्कका लागि व्यवस्थापन समूह गठन गरी सो समूहलाई सक्रिय रुपमा परिचालन गर्ने ।

८. समुदाय स्तरमा कोभिड-१९ को संक्रमण फैलिई महामारीको विशेष अवस्था आईपर्न सक्ने परिस्थितिलाई समेत मध्यनजर गरी अत्यावश्यकीय कार्यको निरन्तरताको लागि विस्तृत कार्य योजना बनाई कार्यान्वयन गर्ने ।

९. प्राधिकरणबाट यस अघि जारी गरिएका निर्देशनहरुको समेत परिपालना गर्ने व्यवस्था मिलाउने ।

उप निर्देशक

जी.पी.ओ. बक्स: ९७५४, राष्ट्रिय नाचघर, जमल, काठमाडौं, नेपाल
फोन नं. +९७७-१-५३५४६८१, ५३५४७१७ फ्याक्स: +९७७-१-५३५५२५०
ई-मेल: ntra@nta.gov.np/info@nta.gv.np, वेभसाइट: www.nta.gov.np